# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क १०, २०७५ फाल्गुण Year 6, Issue 10, Feb.-Mar 2019/20


## राजस्व संकलनमा २०.३८ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७५।७६ को लागि विभागलाई रु.४०४ अर्व २२ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये श्रावणदेखि फाल्गुण महिनासम्मको लागि रु.२३० अर्व ५४ करोड लक्ष्य रहेकोमा रु.२०२ अर्व ६८ करोड संकलन भई लक्ष्यको तुलनामा ८७.९१ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु.३४ अर्व ३० करोड अर्थात २०.३८ प्रतिशतले बढी हो ।

शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु.१२२ अर्व ३४ करोड लक्ष्य रहेकोमा रु.१०४ अर्व ४९ करोड संकलन भई लक्ष्यको तुलनामा ८५.३५ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु.६२ अर्व ६८ करोड लक्ष्यमा रु.५१ अर्व ५२ करोड अर्थात लक्ष्यको ८२.२० प्रतिशत संकलन भएको छ ।

बाँकी पृष्ठ ३ मा

## नेपाल र बंगलादेश बीच दोहोरो कर मुक्ति सम्झौता सम्पन्न



नेपाल सरकार र गणतन्त्र बंगलादेश सरकार बीच दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको छ । मिति २०७५ फाल्गुण २१ (५ मार्च २०१९) मा नेपाल सरकारका माननीय अर्थमन्त्री डा. युवराज खतिवडा, अर्थ सचिव डा. राजन खनाल, नेपालका लागि गणतन्त्र बंगलादेशका महामहिम राजदुत Mashfee Binte Shams, अर्थ मन्त्रालयका सह सचिवहरु, आन्तरिक राजस्व विभागका महानिर्देशक र अर्थ मन्त्रालयका पदाधिकारीहरु समेतको उपस्थितीमा अर्थ मन्त्रालयमा आयोजित एक औपचारिक कार्यक्रमका बीच नेपाल सरकारको तर्फवाट अर्थ मन्त्रालयका सचिव (राजस्व) लाल शंकर घिमिरे र गणतन्त्र बंगलादेश सरकारको तर्फवाट अर्थ मन्त्रालयका बरिष्ठ सचिव तथा राष्ट्रिय राजस्व बोर्डका अध्यक्ष Mosharraf Hossain Bhuiyan ले हस्ताक्षर गर्नुभएको थियो।

सन् 1998 वाट शुरु भएको सम्झौता प्रक्रियाले लामो समयको छलफल, बहस, पत्र आदान प्रदान र विभिन्न चरणमा सम्पन्न भएका औपचारिक वार्ता पश्चात सार्थक भएको यो सम्झौताले एक अर्को देशमा हुने लगानीवाट सृजित आयमा दोहोरो रुपमा कर लाग्न सक्ने

बाँकी पृष्ठ ३ मा....

### यसभित्र


धितोपत्र बजारमा स्थायी लेखा नम्वरको व्यवस्था सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न — पृष्ठ ९

कार्यालय परिचय आन्तरिक राजस्व कार्यालय, सुर्खेत — पृष्ठ १२

परिपत्रहरू — पृष्ठ १५

# महानिर्देशकको सन्देश



**फराकिलो, पारदर्शी र स्वच्छ कर प्रणालीको विकास गर्दै उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर प्रणालीमा सुधार ल्याई कर सहभागिता सुनिश्चित गर्ने विभागको मूल ध्येय रहेको छ। करदाताहरूको व्यावसायिक लागत (*Doing Business Cost*) कम गर्ने अभिप्रायले विद्युतीय माध्यमबाट सेवा प्रवाह सहितको सुविधायुक्त कर संरचना मार्फत यथासमयमै सेवा प्रवाह गराउन विभाग सदैव प्रतिबद्ध रहेको छ।**

आर्थिक वर्ष २०७५/७६ को पहिलो आठ महिना पूरा गरि नवौं महिनामा प्रवेश गर्दा हामीले हाम्रो कार्यगत परिसूचक मध्येको राजस्व संकलनमा गत आर्थिक वर्षको यसै अवधिको तुलनामा २०.३८ प्रतिशत बढीले राजस्व संकलन गर्न सफल भएका छौं । लक्ष्य अनुसारको राजस्व संकलन गर्न सकिएको छैन यसको लागि थप मेहनत गर्न जरुरी छ। अनौपचारिक अर्थतन्त्रले ठूलो हिस्सा ओगटेको हाम्रो जस्तो मुलुकमा कुल जनसंख्याको करिब ७ प्रतिशत व्यक्ति मात्र करको दायरामा हुनु, दायरामा आएका करदाताहरुले पनि नियमित रुपमा कर सहभागिता जनाउने पद्दतीको विकास नहुनु जस्ता कारणले अपेक्षित रुपमा संकलन हुन नसकेको हो। अतः कानूनी व्यवस्थाको प्रभावकारी परिपालना गरी गराई लक्ष्य अनुसार राजस्व संकलन गर्न गराउन समग्र कर प्रशासन दत्तचित्त भई अझ बढी रणनीतिक ढंगबाट लागि पर्नु पर्ने अवस्था आएको छ ।

स्वतः स्फूर्त रुपमा कर तिर्ने भावनाको विकास गर्नका लागि विद्यमान कर प्रणालीमा सुधार गर्दै कर प्रशासनका काम कारबाहीहरुमा समेत प्रविधिको उच्चतम उपयोगद्वारा करारोपण गर्नका लागि समग्र कर प्रशासन सदैव क्रियाशिल छ। त्यसैले म आम करदाताहरुलाई समेत आ-आफूले सम्पादन गर्ने कारोबार र व्यापार व्यवसायको सही एवं यथार्थपरक ढंगले अभिलेखाङ्कन तथा प्रतिवेदन गरी सक्रिय रुपमा कर सहभागिता जगाउन आव्हान गर्दछु। विभागले पनि आफ्नो रणनीतिक योजनामा आफूलाई समग्र देशको विकास प्रक्रियामा टेवा पुर्याउन सक्षम संस्थाको रुपमा स्थापित गराउने लक्ष्य राखेको छ । यसका लागि फराकिलो, पारदर्शी र स्वच्छ कर प्रणालीको विकास गर्दै उपयुक्त कर नीति तथा उत्कृष्ट सेवाको माध्यमबाट कर प्रणालीमा सुधार ल्याई कर सहभागिता सुनिश्चत गर्ने विभागको मूल ध्येय रहेको छ । करदाताहरुको व्यावसायिक लागत (Doing Business Cost) कम गर्ने अभिप्रायले विद्युतीय माध्यमबाट सेवा प्रवाह सहितको सुविधायुक्त कर संरचना मार्फत यथासमयमै सेवा प्रवाह गराउन विभाग सदैव प्रतिबद्ध रहेको छ ।

कर प्रणाली सुधारका विभिन्न आयाम अन्तर्गत समयसमयमा परिमार्जन हुने कर कानूनका विविध पक्षहरुको जानकारी करदाता समक्ष पुर्‍याउने तथा करको दायरामा समेटिएका नया करदाताहरुको कर सहभागिता सहज र सरल बनाउन करदाता शिक्षा तथा अन्तर्क्रिया, बजार सर्वेक्षण, अनुगमन लगायत करारोपणका लागि बजारमा उपस्थिति एवं कर परिपालना (Tax Compliance) तथा कर कार्यान्वयन (enforcement) का कार्यहरु विभाग तथा मातहत कार्यालयहरुबाट निरन्तर रुपमा संचालन भैरहेका छन । यथार्थ र सही कर लेखाङ्कन गरी कर सहभागिता सुनिश्चत गर्न साथै करदाता र कर प्रशासनबीच दुरी कम गर्न करदाता शिक्षा लगायत सचेतनामूलक अनुगमन कार्यक्रमहरुको विशेष भूमिका हुने भएकोले विभागको वार्षिक कार्ययोजनामा करदाता शिक्षा एवं अनुगमनलाई विशेष प्राथमिकता दिईएको छ । यसका लागि नेपाल उद्योग वाणिज्य महासंघ लगायत विभिन्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य समेत गरिएको छ । देशभरका सम्पूर्ण कार्यालयहरुलाई करदाता शिक्षा संचालन गर्दा सकेसम्म आफ्नो कार्यक्षेत्र भित्रका सबै स्थान र प्रकारका करदाता समेट्दै आवश्यकतामा आधारित कार्यक्रमहरु संचालन गर्न निर्देश गर्दछु । यसैगरी, कर कानून परिपालना गर्ने सिलसिलामा कुनै द्विविधा भएमा अथवा कुनै जानकारी प्राप्त गर्नुपरेमा विभागको वेब साईट, कल सेन्टर, विभागको टोल फ्री नम्बर, टेलिफोन अथवा आफुलाई पायक पर्ने आन्तरिक राजस्व कार्यालयमा सम्पर्क गरी समयमै सूचना तथा जानकारी हासिल गर्न सम्पूर्ण करदाताहरुलाई आग्रह गर्दछु ।

कर प्रशासनमा कार्यरत जनशक्तिको मूल्याङ्कनको प्रमुख आधार नै राजस्व संकलनको लक्ष्य प्राप्ति हो। यसका लागि लगनशिलता र व्यावसायिक कार्ययोजनाका साथ आवश्यकतामा आधारित करदाता शिक्षा, प्रविधिमैत्रि चुस्त सेवा, सूचना र तथ्यमा आधारित अनुसन्धान तथा जोखिम विश्लेषणमा आफूलाई दक्ष बनाउँदै अनुभव र विशेषज्ञतामा आधारित कर प्रशासन संचालन गर्न सम्पूर्ण कर्मचारीहरुलाई निर्देशित गर्दछु साथै, सम्पूर्ण उद्योगी, व्यवसायी, पेशाकर्मीलगायत सम्पूर्ण सरोकारवाला पक्षको आआफ्नो क्षेत्रवाट क्रियाशिल सहभागिता तथा सहकार्यको अपेक्षा गर्दछु ।

धन्यवाद !

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, फाल्गुण**

# नेपाल र बंगलादेश....

अवस्थालाई अन्त गरेको छ। यस बाट लगानीको वातावरण थप अनुकूल हुने अपेक्षा लिइएको छ। सम्झौताबाट कर सम्बन्धी सबै प्रकारका सूचनाहरु एक अर्को देशमा आदान प्रदान गर्न सकिने छ र एक देशमा कर बक्यौता राखि अर्को देशमा गएर बसोबास गर्ने व्यक्तिहरुवाट कर असूली गर्न सहयोग आदान प्रदान गर्ने बाटो खुलेको छ।

नेपालले यस भन्दा अघि अन्य दश देशहरुसँग यस प्रकारको सम्झौता सम्पन्न गरिसकेकोमा यो समेत अब एघार मुलुकहरु सँग दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको छ। यो सम्झौताले काठमाडौंमा हुन गइरहेको आसन्न लगानी सम्मेलनलाई समेत सकारात्मक सन्देश दिएको छ।

# राजस्व संकलनमा ...

अन्त:शुल्कमा रु.४४ अर्व ३१ करोड संकलन भएको छ जुन रु.४४ अर्व ९० करोड लक्ष्यको ९८.६८ प्रतिशत हुन आँउछ। त्यसैगरी शिक्षा सेवा शुल्कमा रु. ५२ करोड लक्ष्यमा रु ७८ करोड संकलन भई लक्ष्यको तुलनामा १४९.७८ प्रतिशत संकलन भएको छ।

रु. हजारमा

| शीर्षक | गत वर्षको यस अवधिसम्मको प्रगति | २०७५/७६ को फागुनसम्मको | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| आयकर | ७२६७३४६८ | ११०२२७३४७ | ८८९८०४१८ | ८०.७२ | २२.४४ |
| बहालकर | ३००२०६१ | ० | २१२८९५४ | | |
| ब्याज कर | १०१७७२६६ | १२२०२९५० | १३३८६२९६ | १०९.७० | ३१.५३ |
| जम्मा आयकर | ८५८५२७९५ | १२२४३०२९७ | १०४४९५६६८ | ८५.३५ | २१.७१ |
| मूल्य अभिवृद्धि कर | ४६४६१४८५ | ६२६८४०५२ | ५१५२७९२८ | ८२.२० | १०.९० |
| अन्तः शुल्क | ३४८२६७०२ | ४४९०८७४७ | ४४३१४६३७ | ९८.६८ | २७.२४ |
| स्वास्थ्य सेवा शुल्क | ६८७२३३ | ० | १५५४०१८ | | १२६.१३ |
| शिक्षा सेवा शुल्क | ५४५३०७ | ५२६६९४ | ७८८८९९ | १४९.७८ | ४४.६७ |
| जम्मा | १६८३७३५२२ | २३०५४९७९० | २०२६८११५० | ८७.९१ | २०.३८ |

**पूँजीगत लाभकर सम्बन्धी संसोधित व्यवस्थाको सूचना**

सामयिक कर असुल ऐन,२०१२ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७५।०२।१५ मा जारी भएको सूचित आदेशले आयकर ऐन,२०५८ को दफा २ को खण्ड (द) को उपखण्ड (४) मा संसोधन गरी कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँभन्दा कम मूल्यमा नि:सर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन वाहेकका जग्गा, घरजग्गा तथा अन्य निकायमा रहेको हित वा सुरक्षणलाई गैर व्यवसायिक करयोग्य सम्पत्तिको रुपमा परिभाषित गरेकोले मिति २०७५।०४।०१ बाट प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँ वा दश लाख रुपैयाँ भन्दा बढीको जग्गा वा निजी भवन नि:सर्ग हुँदा हुने पूँजीगत लाभमा आयकर ऐन,२०५८ को दफा (९५क.) को उपदफा (५) बमोजिम अग्रिम कर असुल हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

# मूल्य हस्तान्तरण सम्बन्धी तालिम सम्पन्न



बाह्य लगानी तथा व्यापारमा बढोत्तरी भएका कारण नेपालको अर्थतन्त्र समेत विस्तार हुंदै गएको वर्तमान अवस्थामा कर छली गर्ने नविन तरिकाहरुको प्रयोगद्वारा कर योजना (Tax Planning) गर्ने सम्भावना बढदै गएको छ। यसरी कर योजना गर्ने विभिन्न तरिकाहरु मध्ये विशेष गरी वहुराष्ट्रिय कम्पनीहरुले मूल्य हस्तान्तरणको विधि उपयोग गरी कर योजना गर्ने प्रवृतिलाई नियन्त्रण गर्न मूल्य हस्तान्तरण (Transfer Pricing) द्वारा हुने कर योजना (Tax Planning) पत्ता लगाई त्यस्तो योजना विरुद्ध करदाताको वास्तविक बजार मूल्य अनुसारको कारोवार निर्धारण गरी सोको आधारमा करारोपण गर्नु पर्ने हुन्छ। यी लगायतका विषयमा जानकारी प्रदान गर्ने उद्देश्यले नेपाल स्थित टि.आर. उपाध्याय एण्ड कम्पनीको प्राविधिक सहयोगमा भारतको Pricewaterhouse coopers (PWC) का विज्ञहरुद्वारा मूल्य हस्तान्तरण सम्बन्धी ५ (पाँच) दिने तालिम सम्पन्न भएको छ। २०७५ फागुन ६ देखि १० गतेसम्म ठूला करदाता कार्यालयको सभाहलमा संचालित उक्त तालिममा ठूला र मध्यमस्तरीय करदाता कार्यालय लगायत विभिन्न आन्तरिक राजस्व कार्यालयहरुमा कार्यरत ३२ (बत्तीस) जना कर अधिकृतहरुको सहभागिता रहेको थियो। मूल्य हस्तान्तरणका सम्भावित क्षेत्र, सूचना संकलनका श्रोतहरु, सूचना संकलनमा प्रविधिको उपयोग लगायत विषयवस्तुमा प्रशिक्षणका विविध विधिहरुको प्रयोग गरी तालिम संचालन गरिएको थियो। तालिम समापनको अवसरमा विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै राजस्व चुहावटका क्षेत्रहरुमा विशेष निगरानी बढाउनु पर्ने आवश्यकता औंल्याउनुहुँदै आगामी दिनहरुमा थप उर्जावान र लगनशील भई कार्य गर्न आग्रह गर्नुभयो।


नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

## मदिराजन्य र सूर्तीजन्य वस्तुको बिक्री वितरण सम्वन्धी सूचना

अन्तःशुल्क ऐन, २०५८ वमोजिम होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोवार गर्ने व्यवसायीले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोवार गर्न पाउने व्यहोरा सवैलाई विदितै छ। उक्त व्यवस्था एवं देहायका शर्तहरुको पूर्ण परिपालना गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१. इजाजतपत्र लिएर मात्र सूतीर्जन्य र मदिराजन्य वस्तुको कारोवार गर्ने,
२. ऐनले तोकेको म्यादभित्र इजाजतपत्र नवीकरण गर्ने,
३. इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्ने,
४. बिहान १० बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नुपर्ने,
५. अठार वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न नपाइने,
६. मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको वीजक राख्नुपर्ने
७. अन्तःशुल्क स्टीकर टांस भएका मदिराजन्य तथा सूर्तीजन्य वस्तु मात्र बिक्री गर्नुपर्ने,

अन्तःशुल्क टिकट टाँस नभएको मदिराजन्य तथा सूर्तीजन्य वस्तु खरिद बिक्रीको लागि राखेको पाइएमा त्यस्तो वस्तु जफत गरी बिक्रेतालाई कानून बमोजिम दण्ड जरिवाना गरिनुका साथै कसैले अन्तःशुल्क ऐन २०५८ को वर्खिलाप हुने गरी अन्य वस्तु संगै मदिराजन्य वस्तु बिक्री वितरण गरेमा पहिलो पटक रु १०,००० (दशहजार) र त्यसपछि प्रत्येक पटकको लागि रु २०,००० (विसहजार) जरिवाना हुने व्यहोरा समेत जानकारी गराइन्छ। अतः उक्त कानूनी व्यवस्थाको पूर्ण परिपालना गरी सजायवाट वचौ। कसैले यस व्यवस्था विपरित व्यवसाय गरेको देखिएमा आन्तरिक राजस्व विभाग तथा नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा नियन्त्रक कार्यालयमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ।

# NFRS सम्बन्धी कार्यशाला सम्पन्न

आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालको समुपस्थितिमा विभागको सभाहलमा मिति २०७५।११।२६ मा बैंक/वित्तीय तथा बीमा कम्पनीको वित्तीय विवरण तथा आय विवरणका सम्बन्धमा प्रस्तुतीकरणको कार्यक्रम सम्पन्न भयो । नेपालमा संचालित वाणिज्य बैंकहरु एवं वीमा कम्पनीहरुका लागि Nepal Financial Reporting Standard अनुरुप वित्तीय प्रतिवेदन गर्नुपर्ने सन्दर्भमा आन्तरिक राजस्व विभागको सभाहलमा "Effects of NFRS Implementation on Tax" विषयमा चार्टर्ड एकाउण्टेण्ट रमेश कुमार धितालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।कार्यपत्र उपर विभागका उपमहानिर्देशकहरु, निर्देशकहरुले जिज्ञाशाा सहित टिप्पणी गर्दै छलफल भएको थियो। NFRS को केहि सैद्धान्तिक पक्षको समीक्षा गर्दै NFRS लागू भए पश्चात बैंक तथा वीमा कम्पनीहरुले तयार गर्नुपर्ने विस्तृत प्रतिवेदन अनुरुपको आय विवरणमा गरिनु पर्ने संशोधन र सुधारको पक्षमा समेत छलफल भयो। कार्यक्रममा विभागका उपमहानिर्देशकहरु, निर्देशकहरु लगायत अधिकृत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



## सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२(सं.स.)को दफा १४ क को उपदफा (२ ) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ (४) मा भएको व्यवस्था अनुसार रु.पैतिस करोड भन्दा बढी कारोवार हुने करदाताले २०७५ चैत्र मसान्त भित्र अनिवार्य रुपमा आफुले गर्ने कारोवारमा विद्युतीय माध्यमवाट वीजक जारी गर्न' हुन तथा विद्युतीय वीजक सम्वन्धी कार्यविधि, २०७४ जारी हुनु अघि कम्प्युटर माध्यमवाट वीजक जारी गर्न स्वीकृति लिएका व्यक्तिहरुले समेत विभागले सुचना जारी गरी तोकेको मिति भित्र विद्युतीय वीजक सम्वन्धी कार्यविधि, २०७४ वमोजिमका मापदण्डहरु पुरा गरी पुन: अनुमति लिनु पर्ने समयावधि २०७५ चैत्र मसान्त भित्र तोकिएकोले सो अवधि भित्र विभागको CBMS संग आवद्ध हुने गरी Software अध्यावधिक गरी विभागमा सुचिकृत गरी सक्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

# उद्योग वाणिज्य महासंघद्वारा करदाता शिक्षा कार्यक्रम



साना तथा मझौला करदाताहरूलाई कर सम्बन्धी शिक्षा प्रदान गरी कर कानूनले निर्दिष्ट गरेका व्यवस्थाहरू परिपालना गर्न, कर फारामहरू भर्दा हुने त्रुटिहरू कम गर्न तथा व्यवसायीहरूको कर सहभागितामा अभिवृद्धिका लागि आन्तरिक राजस्व विभाग तथा नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा विभिन्न जिल्लामा करदाता शिक्षा कार्यक्रम सञ्चालन भईरहेको छ । प्रथम चरणमा सुनसरी, सप्तरी, उदयपुर, चितवन, स्यांग्जा, नवलपरासी र काठमाडौं समेत सात जिल्लामा यो कार्यक्रम गर्ने तय भएको छ ।

यस सिलसिलामा सप्तरीको राजविराज तथा उदयपुरको गाइघाटमा आयकर तथा मुल्य अभिबृद्धि कर सम्बन्धी तीन दिने तालिम सम्पन्न भएको छ । आन्तरिक राजस्व विभाग, नेपाल उद्योग बाणिज्य महासंघको आयोजना तथा स्थानीय उद्योग वाणिज्य संघको व्यवस्थापनमा तालिम सञ्चालन गरिएको हो । सम्बन्धित क्षेत्रका व्यवसायी तथा कम्पनीका कार्यरत लेखापालहरुलाई आयकर तथा मुल्य अभिबृद्धि करको सैद्धान्तिक तथा आधारभूत जानकारीका साथसाथै व्यवहारिक विषयमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । यसैगरी कायक्रमको तेस्रो दिन आन्तरिक राजस्व कार्यालय, लाहानका प्रमुख कर अधिकृत कमल राज राजलवटको उपस्थितिमा तालिमका सहभागीहरुसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । व्यवसायी तथा लेखापालहरुको उल्लेख्य सहभागिता रहेको सो तालिममा चार्टड एकाउण्टेण्टहरु ज्ञानेन्द्र बहादुर भारी र मुरलीधर तिवारीले सहजीकरण गरेका थिए ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

**आर्थिक वर्ष २०७५।०७६ को अनुमानित करको विवरण तथा आयकरको प्रथम किस्ता वापतको रकम दाखिला गर्ने सम्बन्धी जरुरी सूचना**

आयकर ऐन, २०५८(सं.स) को दफा ९४ को उपदफा (१) बमोजिम आर्थिक वर्ष २०७५।०७६ को आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने करदाताहरुले दफा ९५ बमोजिम आर्थिक वर्ष २०७५।०७६ को कारोवारको अनुमानित करको विवरण र सो विवरण अनुसारको तिर्नु पर्ने आयकरको प्रथम किस्ता वापतको चालीस प्रतिशतले हुने रकम यही २०७५ पौष मसान्त भित्र ठूला करदाता कार्यालय वा मध्यमस्तरीय करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा सम्बन्धित करदाता सेवा कार्यालयमा दाखिला गरी ऐन अनुसार लाग्ने शुल्क तथा ब्याजबाट बचौं ।

# मध्यमस्तरीय करदाता कार्यालयद्वारा करदाता शिक्षा कार्यक्रम संचालन




मध्यमस्तरीय करदाता कार्यालयबाट काठमाण्डौ उपत्यका बाहिरका करदाताको कारोबारस्थलमा पुगी करदाता शिक्षा तथा अन्तरक्रिया गर्ने कार्यक्रम अन्तर्गत मिति २०७५/११/२९ मा कास्की जिल्लामा रहेका करदाताको लागि पोखरा उद्योग बाणिज्य संघको सभा हलमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ र आयकर ऐन, २०५८ का करदाता दर्ता, कर विवरण बुझाउने, e-TDS विवरण बुझाउने, कर राजस्वको भुक्तानी, e-payment तथा रु. ३५ करोड भन्दा बढीको कारोवार गर्ने करदाताले विद्युतीय माध्यमबाट बीजक जारी गर्नुपर्ने व्यवस्था जस्ता विषयमा कार्यालयका प्रमुख कर अधिकृत हरि प्रसाद तिमिल्सिनाले प्रस्तुतीकरण गर्दै कर सम्बन्धी विविध विषयमा करदाताबाट उठेका जिज्ञासाहरूको संवोधन गर्नुका साथै करदातालाई कर कानुनको पालना गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

उद्योग बाणिज्य संघका कार्यवाहक अध्यक्ष नारायण कोइराला, उद्योग तर्फका उपाध्यक्ष विन्दु कोइराला सुवेदी, संघका महासचिव अर्जुन पोखरेल लगायतले कर सम्बन्धी आफनो धारणा राख्नुभएको थियो । उक्त कार्यक्रममा करदाता तथा करदाताका प्रतिनिधिहरूको उल्लेख्य संख्यामा सहभागिता रहेको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना ।**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय ललितपुरद्वारा करदाता शिक्षा कार्यक्रम संचालन



२०७५ माघ १ गतेदेखि संचालनमा आएको आन्तरिक राजस्व कार्यालयले ललितपुर-२, करदाताहरुका लागि कर व्यवस्थापन तथा कर सम्बन्धी लेखाप्रणालीका विविध पक्षहरुको जानकारी गराउने उद्देश्यका साथ करदाता शिक्षालाई प्रमुख प्राथमिकतामा राखेको छ । यसै क्रममा २०७५ फाल्गुण महिनामा मूलतः नयाँ दर्ता भएका करदाता तथा साविकमा दर्ता रहेका करदाताहरु लाई सहभागि गराई कार्यालयको सभाहलमा २०७५ फाल्गुन ३, १० र २९ गते करदाता शिक्षा संचालन गरेको छ । आफ्नो हो । कार्यक्षेत्र भित्रका करदाताहरुलाई कर सम्बन्धी सचेतना अभिवृद्धि गराउँदै कर लेखाजोखामा आईपरेका समस्याहरुको समाधान तथा गुनासो व्यवस्थापन गर्ने अभिप्रायले संचालित उक्तकायक्रममा दर्ता हुँदा आवश्यक पर्ने कागजात तथा प्रक्रिया र दर्ता भएपछि करदाताले पालना गर्नुपर्ने कानूनी व्यवस्था, प्रक्रिया, कर लेखा राख्ने विधि लगायतका विषयहरुमा कर अधिकृत जानकी शाहले संचालन गर्नुभएको थियो । त्यसैगरी प्रमुख कर अधिकृत डिलाराम सापकोटाले करदाताहरुको समस्या तथा गुनासोका सम्बन्धमा सम्बोधन गर्नुभएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको

**रू. पैंतीस करोड भन्दा बढीको कारोवार गर्ने करदातालाई विद्युतीय माध्यमबाट विजक जारी गर्ने सम्बन्धी सूचना**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ को उपदफा (४) मा रु. पैंतीस करोड भन्दा बढीको कारोवार हुने करदाताले अनिवार्य रुपमा विद्युतीय माध्यमबाट विजक जारी गर्न तथा सोको अभिलेख राख्ने गरी तोकिएकोले सो बमोजिम गर्नहुन जानकारी गराईएको छ ।

# धितोपत्र बजारमा स्थायी लेखा नम्वरको व्यवस्था सम्वन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न




आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली र नेपाल धितोपत्र वोर्डको संयुक्त आयोजनामा २०५७ फागुन १३ गते धितोपत्र वजारमा स्थायी लेखा नम्वर (PAN) को व्यवस्था विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, मर्चेन्ट वैंकर एशोशियसन, स्टक व्रोकर, विभिन्न शेयर लगानीकर्ता संघ संस्थाका प्रतिनिधिहरु, सर्वसाधारण र पत्रकार लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अध्यक्षता गर्न भएका नेपाल धितोपत्र वोर्डका अध्यक्ष डा.रेवत बहादुर कार्कीले मन्तव्य राख्दै अन्तरक्रियाबाट शेयर लगानीकर्ताहरु र नियमनकारी निकायहरु बिचमा स्थायी लेखा नम्वर (PAN) का विषयमा रहेका द्विविधाहरु अन्त्य हुनुका साथै कार्यक्रम सबैलाई फलदायी भएको बिचार व्यक्त गर्नुभयो । कार्यक्रममा आन्तरिक राजस्व कार्यालय बत्तिसपुतलीका प्रमुख कर अधिकृत टंकनाथ पौडेलवाट सवै आय आर्जन तथा आर्थिक कृयाकलापमा संलग्न नागरिकहरुले स्थायी लेखा नम्वर (PAN) लिनुपर्ने सम्वन्धमा आयकर ऐन, २०५८ मा भएका व्यवस्थाहरुको साथै स्थायी लेखा नम्वर (PAN) लिएको अवस्थामा हुने फाइदाहरुको बारेमा जानकारी गराउदै सहभागीहरुको तर्फवाट राखिएका विभिन्न जिज्ञासाहरुको सम्वोधन समेत गर्नु भएको थियो। कार्यक्रममा कर अधिकृत द्वय विमल कोईराला र नारायण राउतले आयकर ऐन, २०५८ वमोजिम स्थायी लेखा नम्वरको आवश्यकता, दर्ताको प्रकृया, दर्ता गर्दा आवश्यक पर्ने कागजातहरु लगायतका विषयमा सहभागीहरु लाई जानकारी गराउनु भएको थियो ।

# करदाता सेवा कार्यालय खाँदवारीद्वारा करदाता शिक्षा कार्यक्रम संचालन




"कर समृद्ध नेपाल सुखि नेपालिको भर" भन्ने अवधारणालाई पूर्ण कार्यान्वयन गर्न करदाता सेवा कार्यालय खाँदवारीले फाल्गुन महिनामा सदरमुकामभन्दा उत्तरी भेगका मकालु र सभापोखरी गाउँपालिका साथै धर्मदेवी नगरपालिकामा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम गरेको छ। संखुवासभा जिल्ला कार्यक्षेत्र रहेको यस सेवा कार्यालयले यस्तै प्रकारका करदाता शिक्षा कार्यक्रम सम्पूर्ण गाउँपालिकाको केन्द्रसम्म पुर्‍याउने योजनाका साथ मिति २०७५।११।०४ गते मकालु गाउँपालिकाको सभाहलमा, मिति २०७५।११।१८ गते धर्मदेवी नगरपालिकाको मुढेशनिश्चरे बजार र २०७५।११।२४ गते सभापोखरी गाउँपालिका बाह्रबिसे बजारमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो। जिल्ला उद्योग वाणिज्य संघ, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सहकार्य र करदाता सेवा कार्यालय खाँदवारीको आयोजनामा सम्पन्न भएको उक्त कार्यक्रममा मकालु गाँउपालिकाका कार्यवाहक अध्यक्ष चमेली राईले जनता करको दायरामा आउन ईच्छुक करदातालाई यस कार्यक्रमले कर सम्बन्धी जानकारी बढाई करको दायरामा बढोत्तरी आउनेमा विश्वास व्यक्त गर्नुभयो। त्यसैगरी धर्मदेवी उद्योग वाणिज्य संघका अध्यक्ष ऋषिकेश चापागाईले व्यवसायीहरुलाई ईमान्दार भएर करको दायरामा आउन आग्रह गनुभयो। साथै सभापोखरी गाउँपालिकाका अध्यक्ष रत्नबहादुर सुब्बाले स्थानीय निकायले पनि जनतालाई तिर्न सक्ने क्षमताको आधारमा मात्रै व्यवसाय कर लगाएको कुरा स्पष्ट पार्नुभयो। उक्त कार्यक्रमहरुमा करदाता सेवा कार्यालय खाँदवारीका कर अधिकृत देवेन्द्र कुमार लिम्बु र नायव सुब्बा सोभित कुमार घिमिरेले करदाताहरुले राखेको जिज्ञासाको सम्बोधन गर्दै नयाँ व्यवसाय दर्ता गरी स्थायी लेखा नम्बर लिने, कारोबारको अभिलेख राख्ने, आय विवरण पेश गरी कर दाखिला गर्ने, व्यवसाय बन्द गर्ने सम्मका प्रकृयाहरु साथै आर्थिक ऐन, २०७५, आयकर, मू.अ.कर तथा अन्तःशुल्क सम्बन्धी ऐन तथा नियमहरुमा भएका विषयलाई प्रष्ट पार्नुभयो।

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

**मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलिहरु खटाईएको छ। बिक्रेताले विजक जारी गरेको नपाईएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००/- (पाँच हजार मात्र) तत्काल जरिवाना गर्न सक्नेछ। त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुपमा बिजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरिद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ।**

# करदाता सेवा कार्यालय ईलामद्वारा विभिन्न कार्यक्रम संचालन



करदाता सेवा कार्यालय, ईलामले कर सम्बन्धी विविध जानकारी करदाता समक्ष पुर्याउने उद्देश्यले २०७५ फागुन महिनामा करदाता शिक्षा तथा अन्तरक्रियाका कार्यक्रम र वजार अनुगमन समेतका क्रियाकलापहरु सम्पन्न गरेको छ ।

मिति २०७५/११/१९ गते ४१ करदाताको सहभागितामा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्‍यो । कर कार्यालयका कर अधिकृतले कर सम्बन्धी विषयमा प्रस्तुति करण गर्नुका साथै करदातावाट उठाइएका जिज्ञासाहरुको सम्बोधन गर्नु भयो ।

यसैगरी मिति २०७५/११/२७ मा उद्योग वाणिज्य संघ ईलामको समन्वयमा ईलाम नगरपालिका वडा नं. ५ बिव्ल्याटे वजारमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरियो । कर सम्वन्धी विषयको प्रस्तुतीकरण गर्नुका साथै करदाताबाट उठाइएका जिज्ञासाहरुका सम्बन्धमा कर अधिकृत यादव खड्काबाट सम्बोधन भयो । यस सन्दर्भमा कार्यालयबाट खटिएका कर अधिकृत सहितको टोलीबाट जिल्लाका विव्ल्याटे रांकेवजार, त्रिवेणीचोकमा अवस्थित विभिन्न ४७ करदाताको कारोवार परिसरमा स्थलगत अनुगमन समेत भयो । अनुगमन गर्दा देखिएको अवस्था अनुसार टोलीले करको दायरामा नआएका व्यवसायीहरुलाइ PAN दर्ताका लागि पत्रादेश जारी गर्नुका साथै दर्ता प्रमाणपत्र तथा करपाटी सहि रुपमा कारोवारस्थलमा राख्नुपर्ने, कारोवारका बखत यथार्थ मुल्यमा विजक जारी गर्ने, खाता बहि तथा अभिलेखहरु अद्यावधिक गर्नुपर्ने विषयमा करदातालाई सुचीत गर्‍यो । साथै आयकर तथा मू.अ.कर वक्यौता राख्ने विभिन्न ६ करदाताहरुको कारोवारस्थलमै पुगी टोलीले कर बक्यौता समयमै दाखिला पत्र बुझाई यसमा हुने कानुनी कारवाहीका विषयमा जानकारी समेत गराएको थियो । संकलन भ्रमणको कारणबाट विभिन्न करदाताहरुवाट रु. १० लाख २५ हजार कर असुली भएको थियो ।

# कार्यालय परिचय

# आन्तरिक राजस्व कार्यालय सुर्खेत

## १. कार्यालयको संक्षिप्त परिचयः

❖ **स्थापना, कार्यक्षेत्र र भौतिक अवस्था :**

सुर्खेत जिल्लामा रहेका करदाहरुलाई कर सम्बन्धी सेवाहरु करदाता मैत्री तबरले नजिकवाट प्रवाह गरी करदाताको व्यवसायिक लागत न्यूनीकरण गर्ने अभिप्रायले २०६६ सालमा सुर्खेत जिल्लामा करदाता सेवा केन्द्र संचालनमा आएकोमा करदाता सेवा कार्यालयको रुपमा यसको विधिवत् उद्घाटन २०६९।०१।०८ मा भएको थियो । करको दायरा विस्तार हुदै गएको र सेवालाई विकेन्द्रीकृत गर्ने उद्देश्यले देशका विभिन्न स्थानमा करदाता सेवा कार्यालयहरुलाई आन्तरिक राजस्व कार्यालयको रुपमा स्तरोन्नती गर्ने क्रम सँगै कर्णाली प्रदेशका ८ जिल्ला हेर्ने गरी नेपाल सरकारको मिति २०७५/३/२० गतेको निर्णयबाट आन्तरिक राजस्व कार्यालय, सुर्खेतको स्थापना भएको हो । कर्णाली प्रदेशका रुकुम पश्चिम र सल्यान बाहेकका ८ जिल्ला सुर्खेत, जाजरकोट, दैलेख, हुम्ला,डोल्पा,मुगु, कालिकोट र जुम्ला जिल्लाका ४४५३५ करदाताहरुलाई यस कार्यालयबाट सेवा प्रवाह भै रहेको छ । अन्तःशुल्क प्रशासन तर्फ हुम्ला, डोल्पा, जारजरकोट जिल्लामा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सञ्चालन भैरहेको छ भने सुर्खेत र दैलेख जिल्लाको अन्तःशुल्क प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु यसै कार्यालयबाट हुने गरेको छ। यस कार्यालय अन्तरगत रहेको करदाता सेवा कार्यालय,

**<u>अग्रिम कर असुल हुने सम्बन्धी सूचना</u>**

सामयिक कर असुल ऐन,२०१२ को दफा ३ को अधिकार प्रयोग गरी नेपाल सरकारबाट मिति २०७५।०२।१५ मा जारी भएको सूचित आदेशले आयकर ऐन,२०५८ को दफा (९५क) को उपदफ (२) को खण्ड (क) मा भएको संसोधन अनुसार " प्रचलित कानून बमोजिम दर्ता भई धितोपत्रक खरिद बिक्रीको कारोबार गर्ने बासिन्दा निकाय बाहेक अन्य कुनै व्यक्तिलाई कुनै बासिन्दा निकायम रहेको हितको निःसर्गबाट लाभ हुन गएमा दफा ३७ बमोजिम गणना गरिएको त्यस्तो लाभमा देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछ :-

(क) नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभको हकम धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमक सात दशमलव पाँच प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको दश प्रतिशत, र अन्यक हकमा लाभ रकमको पच्चीस प्रतिशतका दरले, " भन्ने व्यवस्था भएकोले मिति २०७५।०४।० देखिको कारोबारमा सो अनुसार अग्रिम कर असुल हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

जुम्लाले मुगु, कालिकोट र जुम्ला जिल्लाको करदाताहरुलाई सेवा प्रवाह गरिरहेको छ। कार्यालयको स्वामित्वमा नभए तापनि बीरेन्द्रनगर नगरपालिका वडा नं. ७ को नगर विकास समितिको स्वाभित्वमा रहेको करिव ५ कठ्ठा जग्गा यस कार्यालयलाई उपभोग गर्न छुट्याइए तापनि तत्काल संरचना निर्माण गर्न नसकिएको कारण हाल सेवा कार्यालयले नै भाडामा लिइ प्रयोग गर्दै आएको भवनबाट नै सेवा संचालन गर्दै आएको छ।

❖ **दरबन्दी तथा पदपूर्तिको अवस्था:**

कार्यालयको स्वीकृत संगठन संरचना अनुसार हाल यस कार्यालयमा राजपत्रांकित द्वितीय श्रेणीका कार्यालय प्रमुख एक जना, रा.प.तृतीय श्रेणी प्रशासन सेवा (राजस्व) समूह चार तथा विवधि सेवाको एक समेत गरी जम्मा पांच जना, रा.प.अनं.तर्फ आठ र श्रेणी विहिन तीन गरी जम्मा सत्र जना कर्मचारीको दरवन्दी, रहेकोमा हाल चौध बटा दरबन्दी मात्र पदपूर्ति भई चारबटा दरवन्दी खाली रहेको छ।

❖ **अभिलेख व्यवस्थापन :**

कार्यालय स्तरोन्नती भए पश्चात कार्यक्षेत्र समेत बृद्धि भएकोमा आन्तरिक राजस्व कार्यालय, नेपालगंजबाट सरेर आएका फाइल खोजेका वखत सहज तरिकाले उपलब्ध होस भन्ने उद्देश्यले पर्याप्त र्‍याक सहित फाइल कक्षको क्षमता बृद्धि गरी फाइल व्यवस्थापनको कार्य भैरहेको छ। चालु आर्थिक बर्षको अन्त्यसम्म कम्प्युटर प्रणालीबाट फाइलको अवस्थिती सहजै पत्ता लाग्न सक्ने गरी कार्यसम्पादन गर्ने लक्ष्य लिएको छ। यस आर्थिक बर्षबाट मु.अ.कर विवरण र आय विवरण शत् प्रतिशत विद्युतीय माध्यमबाट बुझ्ने गरी व्यवस्था मिलाइएको कारण कम्प्युटरीकृत अभिलेख व्यवस्था समेत चुस्त बनेको छ।

❖ **लक्ष्य र असुली:**

यस कार्यालयको चालु आ.व. २०७५/०७६ को फाल्गुन मसान्तसम्मको राजस्व असुलीको लक्ष्य र प्रगतिको विवरण निम्नानुसार रहेको छ :-

| शिर्षक | आ.व.२०७५/७६ फाल्गुन | | | आ.व.२०७५/७६ फाल्गुन मसान्त सम्मको | | |
|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत |
| आय कर | ४१८८३ | ४७११२ | ११२.४८ | ३७६०३९ | ४८१५९३ | १२८.०७ |
| घर वहाल कर | | २१९७ | ० | | ३८२२१ | ० |
| ब्याज कर | ७७७ | २२७ | २९.१६ | १४२६० | १९६२७ | १३७.६३ |
| मु.अ.कर | १८२३४ | १२९४६ | ७१ | २००२७७ | १२११९३ | ६०.५१ |
| अन्त:शुल्क | १३४० | ६९४ | ५१.८२ | ११८५२ | १८६१४ | १५७.०५ |
| स्वास्थ्य सेवा कर | | | ० | | ५९२ | ० |
| शिक्षा सेवा कर | | १४ | ० | | ३१६२ | ० |
| जम्मा | ६२२३४ | ६३१९० | १०१.५४ | ६०२४२८ | ६८३००१ | ११३.३७ |

❖ **सम्पादन गरिएका उल्लेख्य कार्य :**

✓ हाल भाडामा रहेको घर साँघुरो भएता पनि करदाताहरुलाई सेवा लिदा सहज होस भन्ने उद्देश्यले करदाता मैत्री हिसावले व्यवस्थापन गरिएको।

✓ कार्यालय परिसरमा सोधपुध तथा करदाता सहायता कक्ष (Help Desk) को स्थापना गरी संचालनमा रहेको।

- ✓ विगत लामो समय देखि धेरै बक्यौता रहेका करदाताहरुलाई बक्यौता रकम भुक्तानी गर्न विभिन्न मितिमा पत्राचार फोन सम्पर्क र मैत्रीपूर्ण संकलन भ्रमण गरी बक्यौता असुलीको प्रयास गरिएको ।
- ✓ बक्यौता असुलीको विभिन्न प्रयास गर्दा समेत बक्यौता रकम दाखिला नगरेका करदाताहरुलाई बक्यौता रकम दाखिला गर्न राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरि जानकारी गराउने कार्य गरेको ।
- ✓ शत् प्रतिशत विवरणहरु Online system बाट मात्र Filling गर्ने गरिएको ।
- ✓ कार्यालयमा CCTV जडान गरी सुरक्षा प्रणाली र आन्तरिक अनुगमन प्रणाली प्रभावकारी बनाइएको ।
- ✓ फाइल व्यवस्थापनको कार्य अघि बढाइएको ।
- ✓ करदातालाई सेवा प्रवाह गर्दा सेवा अवरुद्ध नहुने गरी विद्युत आपूर्तिको बैकल्पिक व्यवस्था मिलाइएको ।
- ✓ जनशक्ति अभाव भएता पनि चुस्त दुरुस्त सेवा प्रवाहको लागि कार्यालयमा भएको विद्यमान जनशक्तिलाई अतिरिक्त समय कार्य गराएर भए पनि सेवा प्रवाह गरिएको ।
- ✓ विभिन्न जिल्लामा गई करदाताहरुलाई कर सम्बन्धी जानकारी दिन करदाता शिक्षा तथा अन्तरिक्रिया कार्यक्रम संचालन गरिएको ।

### ३. अन्य :

❖ **करदातालाई प्रवाह गर्नुपर्ने जानकारी मूलक सूचना र सन्देशहरु :**

- ➢ नियमित रुपमा करदाताहरुलाई करदाता शिक्षा, प्रशिक्षण, सार्वजनिक संचारको प्रयोग लगायतका स्थानिय एफ.एम.हरुबाट कर जागरण सन्देशहरुको प्रसारणको माध्यमबाट करदाताहरु सूसुचित गरिएको छ ।
- ➢ विभिन्न जिल्लाहरुमा गई करदाता शिक्षा कार्यक्रम संचालन गरिएको । यसबाट "करसँग डर होइन, भर गरौं" को भावना जागृत भई कर सहभागितामा समेत उल्लेख्य रुपमा बढोत्तरी भएको छ ।
- ➢ स्पष्ट बुझ्न र पढन सकिने नागरिक बडापत्र, कार्यालयको अनुरोध जस्ता सूचनामूलक सामाग्री कार्यालय परिसरमा प्रवेशसँगै देख्न र पढन सक्ने गरी प्रदर्शन गरिएबाट करदातामा कर प्रशासन प्रति मैत्रीभाव सृजना भएको छ ।
- ➢ नया दर्ता गर्ने करदाताहरु तथ अन्य सरोकारवालहरुलाई जानकारी मूलक पम्प्लेट, ब्राउसर उपलब्ध गराउने गरिएको छ ।

## स्थायी लेखा नम्वर (PAN) लिने र अग्रिम कर कट्टी गरी दाखिला गर्ने सम्वन्धी सूचना

प्रत्येक वासिन्दा रोजगारदाताले रोजगारीवाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्ने प्रावधान आयकर ऐन, (संसोधन सहित)२०५८ को दफा ८,८७,८८,८९ र ९५क मा रहेको छ । यी दफाहरूको प्रयोजनको लागि संघ, प्रदेश एवं स्थानीय सरकार, संबैधानिक अंग, सवै तहका अदालत, केन्द्रीय कार्यालयहरू, विभाग, सार्वजनिक संस्थान तथा समितिहरू, बैक तथा वित्तिय संस्थाहरूमा कार्यरत पदाधिकारीहरू तथा कर्मचारीहरूले व्यक्तिगत स्थायी लेखा नम्वर (P-PAN) नलिएका भए अनिवार्य रूपमा स्थायी लेखा नम्वर (P-PAN) लिन लगाउनु हुन र कर कट्टी गरी दाखिला गर्नु पर्ने माथि उल्लेखित निकायहरूले करकट्टी गर्ने निकाय (Withholding Agent) को रूपमा W-PAN नलिएको भए नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयवाट लिइ प्रत्येक महिना समाप्त भएको पच्चीस दिन भित्र नै आयकर ऐन, (संसोधन सहित) २०५८ को दफा ८ बमोजिम रोजगारीवाट भएको आयको गणना गर्दा आयकर नियमावली, (संसोधन सहित) २०५९ को नियम १३ अनुसार सवारी साधन र आवास सुविधा प्राप्त गरेका पदाधिकारीहरू तथा कर्मचारीहरूको आफ्नो परिमाणीकरण एवं चारित्रीकरण समेत गरी हुने रकम समेत आयमा समावेश गरी हुने कर रकम र कर कट्टीको विवरण समेत e-TDS गरी बुझाउनु हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विषय: मोबाइलको रिचार्ज कार्ड विक्री सम्बन्धमा ।**

श्री ठूला करदाता कार्यालय,
श्री मध्यमस्तरीय करदाता कार्यालय,
श्री आन्तरिक राजस्व कार्यालय सबै,
श्री करदाता सेवा कार्यालय सबै,

मोबाइलको रिचार्ज कार्डको बीजक जारी गर्ने सम्बन्धमा नेपाल टेलिकमले सहमति माग भई आएको विषयमा निर्णयार्थ पेश हुँदा मोबाइलको रिचार्ज कार्डको कारोवार गर्नेले अनिवार्य रुपमा स्थायी लेखा नम्वर लिएर कारोवार गर्नुपर्ने र कर लाग्ने वस्तुको हकमा वार्षिक पचास लाख भन्दा बढीको र सेवाको हकमा वार्षिक वीस लाख भन्दा बढीको कारोवार गर्नेले मूल्य अभिवृद्धि कर समेतमा दर्ता भएर कारोवार गर्नुपर्ने कानूनी व्यवस्था भएको अवस्थामा आफू अन्तर्गतका डिलर र सवडिलरले रिचार्ज कार्ड विक्री गर्दा स्थायी लेखा नम्वर भएका करदातालाई अन्तिम उपभोक्ता मूल्य (MRP) उल्लेख गरी मू.अ.कर ऐन, २०५२ को दफा (१२) को उपदफा (३) बमोजिम दिने डिस्काउण्ट घटाएर मू.अ.कर ऐन, २०५२ को दफा ५ को उपदफा (२) वमोजिम कायम हुने कर लाग्ने मूल्यमा मू.अ.कर बीजक जारी गर्न र डिलर र सवडिलरले स्थायी लेखा नम्वर नभएका खरिदकर्तालाई विक्री गरेको अवस्थामा भने कर बीजक जारी गर्दा तोकिएको उपभोक्ता मूल्य  कायम हुने गरी गर्न मू.अ.कर ऐन, २०५२ को दफा १४ को उपदफा (६) बमोजिम तोकिएको छ ।साथै आफु अन्तर्गतका डिलर र सवडिलरसँग सम्झौता गर्दा वा करोवार गर्दा सोही अनुसार गर्ने र गराउने र यस्तो कर बीजकमा दिएको छुट रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने भनी परिपत्र गर्ने मिति २०७५/११/१४  मा निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

## विद्युतीय विजक सम्वन्धी

मुल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.) को दफा १४ क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१ (४) मा भएको व्यवस्था अनुसार रु. पैतिस करोड भन्दा वढी कारोवार हुने करदाताले २०७५ चैत्र मसान्त भित्र अनिवार्य रुपमा आफुले गर्ने कारोवारमा विद्युतीय माध्यमवाट विजक जारी गर्नु हुन तथा विद्युतीय विजक सम्वन्धी कार्यविधि, २०७४ जारी हुनु अघि कम्प्युटर माध्यमवाट विजक जारी गर्न स्वीकृति लिएका व्यक्तिहरुले समेत विभागले सुचना जारी गरी तोकेको मिति भित्र विद्युतीय विजक सम्वन्धी कार्यविधि, २०७४ वमोजिमका मापदण्डहरु  पुरा गरी पुनः अनुमति लिनु पर्ने समयावधि २०७५ चैत्र मसान्त भित्र तोकिएकोले सो अवधि भित्र विभागको Central Billing Monitoring System -CBMS) संग आवद्ध हुने गरी Software अध्यावधिक गरी विभागमा सुचिकृत गरी सक्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

**विषयः आर्थिक ऐन, २०७५ को दफा २३ बमोजिमको छुट सुविधा सम्बन्धमा ।**

श्री मध्यमस्तरीय करदाता कार्यालय
बबरमहल, काठमाण्डौं ।

तहाँ कार्यालयको च.नं.१४१५ मिति २०७५/१०/०७ को पत्रबाट आ.व.२०७४/७५ भन्दा अगाडिका वर्षहरुमा वित्तीय विवरण बुझाई आन्तरिक राजस्व कार्यालयबाट आयकर ऐन, २०५८ बमोजिम कर निर्धारण सम्पन्न भई बक्यौता रहेका संस्थाहरुका हकमा आर्थिक ऐन, २०७५ को दफा २३ को सुविधा पाउन सक्ने वा नसक्ने भनी सोधनी भएको विषय निर्णयार्थ पेश हुँदा आर्थिक ऐन, २०७५ को दफा २३ अनुसारको शर्तात्मक छुट सुविधा विगतमा कर निर्धारण भई बक्यौता रहेको हकमा प्रदान गर्ने व्यवस्था नभएको व्यहोरा लेखी पठाउने भनी मिति २०७५/११/०८ मा निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

# सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ (सं.स.)को दफा १४क को उपदफा (२) तथा आयकर ऐन, २०५८ (सं.स.) को दफा ८१(४) मा भएको व्यवस्था अनुसार रू.पैतिस करोड भन्दा वढी कारोवार हुने करदाताले २०७५ चैत्र मसान्त भित्र अनिवार्य रूपमा आफूले गर्ने कारोवारमा विद्युतीय माध्यमवाट वीजक जारी गर्नु हुन तथा विद्युतीय वीजक सम्वन्धी कार्यविधि, २०७४ जारी हुनु अघि कम्प्युटर माध्यमवाट वीजक जारी गर्न स्वीकृति लिएका व्यक्तिहरूले समेत विभागले सूचना जारी गरी तोकेको मिति भित्र विद्युतीय वीजक सम्वन्धी कार्यविधि, २०७४ वमोजिमका मापदण्डहरू पुरा गरी पुनः अनुमति लिनु पर्ने समयावधि २०७५ चैत्र मसान्त भित्र तोकिएकोले सो अवधि भित्र विभागको **CBMS** संग आवद्ध हुने गरी Software अध्यावधिक गरी विभागमा सूचिकृत गरी सक्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**विषयः जग्गा वा भवन निःसर्गको लाभमा अग्रिम कर असुल गर्ने सम्बन्धमा ।**

श्री ठूला करदाता कार्यालय ।
श्री मध्यमस्तरीय करदाता कार्यालय ।
श्री आन्तरिक राजस्व कार्यालय, सबै ।
श्री करदाता सेवा कार्यालय, सबै ।

आयकर ऐन (संशोधन सहित)२०५८ को दफा ९५ क. को उपदफा (६) बमोजिम प्राकृतिक व्यक्ति वाहेक अन्य व्यक्तिको स्वामित्वको जग्गा वा भवनको निःसर्ग वापत भएको लाभमा दश प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने व्यवस्था भएकोमा जग्गा वा भवनकै कारोवार गर्ने व्यवसायीले अग्रिम कर असूल गर्नु नपर्ने व्यहोराको यस विभागको मिति २०७३/०४/०९ को पत्र आयकर ऐन (संशोधन सहित),२०५८ को दफा ७५ को उपदफा (३ ) बमोजिम रद्ध गरी सोही दफाको उपदफा (१ ) बमोजिम देहाय अनुसार सार्वजनिक परिपत्र गर्ने गरी मिति २०७४/११/३ मा निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

१. कुनै एकलौटी फर्म, साझेदारी फर्म, कम्पनी, गैरसरकारी संस्था, ट्रष्ट, निजी विद्यालय, विश्व विद्यालय लगायतका निकायहरु र घर वा फ्ल्याट निर्माण गरी बिक्रीको कारोवार गर्ने व्यवसायीले आफ्नो स्वामित्वको जतिसुकै मूल्यको जग्गा वा भवन निःसर्ग (बिक्री वा अन्य कुनै प्रकारले स्वामित्व हस्तान्तरण) गर्दा भएको लाभमा रजिष्ट्रेशनको बखत दश प्रतिशतका दरले अग्रिम कर असुल गर्ने । सो अग्रिम कर असुल गर्ने क्रममा घर वा फ्ल्याट निर्माण गरी बिक्रीको कारोवार गर्ने व्यवसायीको घर वा फ्ल्याटको लागत गणना गर्दा जुन आ.व.मा घर वा फ्ल्याट निर्माण भएको हो सोही आ.व.को शहरी विकास तथा भवन निर्माण विभागबाट कायम भएको प्रतिवर्ग फूट लागत अनुसार हुने रकम वा व्यवसायीले घोषणा गरेको लागत मध्ये जुन घटी हुन्छ सो रकमलाई लागतको रुपमा गणना गर्ने ।

२. घर निर्माण गरी बिक्रीको कारोवार गर्ने व्यवसायीले आफैले खरिद गरेको भवन वा फ्ल्याट बिक्री गर्दा खरिद गर्दाको मूल्य (रजिष्ट्रेशन मूल्य) र खरिद गर्दा तिरेको रजिष्ट्रेशन शुल्क मात्र अग्रिम कर असुलीको प्रयोजनको लागि लागतको रुपमा गणना गर्ने ।

# विद्युतीय माध्यमबाट राजस्व संकलन (e-payment) हुने बैंक तथा कार्यालय कोडको विवरण

मिति २०७५ आश्विन १ गते देखि कार्यान्वयनमा आएको विद्युतीय माध्यमबाट राजस्व भुक्तानी गर्न सक्ने (e-payment) प्रणाली अन्तर्गत करदाताहरुले आफू रहेकै स्थानबाट कम समय र खर्चमा आय विवरणका साथै सो बमोजिम लाग्ने कर रकम भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको छ। जसका लागि आफूलाई पायक पर्ने देहाय बमोजिमका बैंकहरुका जुनसूकै शाखाहरु छनौट गरी भुक्तानी गर्न सकिनेछ। सम्पूर्ण करदातालाई जानकारी तथा सूचना प्रदान गर्ने उद्देश्यका साथ हाल राजस्व संकलन गरिने बैंकहरुको विवरण साथै देशभरका आन्तरिक राजस्व कार्यालयहरुको कार्यालय कोड देहाय बमोजिम रहेको छ।

**बैंक खाता नम्बर**

| बैंक कोड | बैंक | बैंक खाता नम्बर |
|---|---|---|
| ११०३२ | सानिमा बैंक | ००१०००००००१२५ |
| ११०२५ | एनएमबी बैंक लि. | ००१००६००६६६४७८००००००१ |
| १०००१ | नेपाल राष्ट्र बैंक | १२००२०३००२०००५२४ |
| ११००१ | नेपाल बैंक लिमिटेड | ००१०१००००००००१००१००१ |
| ११००२ | राष्ट्रिय बाणिज्य बैंक | १०००२०००१०००० |
| ११००४ | नेपाल ईन्भेष्टमेन्ट बैंक लि. | ००१०१०१०३३२५३८ |
| ११००८ | नेपाल बङलादेश बैंक | ९५९०१०००३३ |
| ११००९ | एभरेष्ट बैक लि. | ००१००१०६२००००० |
| ११०१२ | एनआईसी एसीया बैंक | ९९CA०५१८७९८५२४०१ |
| ११०१० | बैंक अफ काठमाण्डु | ०१०००००६३२८७५२४ |
| ११०१८ | कृषी विकास बैंक | ०१००२०१२७७००९०१६ |
| ११०१९ | ग्लोबल आईएमई बैंक लि. | ०००४०१००००००१ |
| ११०३१ | सेन्चुरी कमर्शियल वैंक लि. | ००१००००००१GR |

**कार्यालय कोड नं.**

| सि.नं. | कार्यालय | कार्यालय कोड |
|---|---|---|
| १ | ठूला करदाता कार्यालय | ३०५०३३४०२ |
| २ | मध्यमस्तरीय करदाता कार्यालय | ३०५०३३५३९ |
| ३ | आ.रा.का.भद्रपुर | ३०५०३१२०१ |
| ४ | आ.रा.का.दमक | ३०५०३१२०२ |
| ५ | आ.रा.का.धरान | ३०५०३१४०३ |
| ६ | आ.रा.का.विराटनगर | ३०५०३१३०२ |
| ७ | आ.रा.का.जनकपुर | ३०५०३१७०१ |
| ८ | आ.रा.का.लाहान | ३०५०११६२० |
| ९ | आ.रा.का.सिमरा | ३०५०३२१०१ |
| १० | आ.रा.का.वीरगञ्ज | ३०५०३२२०१ |
| ११ | आ.रा.का.हेटौंडा | ३०५०३३२०१ |
| १२ | आ.रा.का.भरतपुर | ३०५०३३१०१ |
| १३ | आ.रा.का.पोखरा | ३०५०३३९०१ |
| १४ | आ.रा.का.भैरहवा | ३०५०३४८०२ |
| १५ | आ.रा.का.बुटवल | ३०५०३४८०१ |
| १६ | आ.रा.का.कृष्णनगर | ३०५०३४९०१ |
| १७ | आ.रा.का.दाङ्ग | ३०५०३५६०१ |
| १८ | आ.रा.का.सुर्खेत | ३०५०३६८०१ |
| १९ | आ.रा.का.धनगढी | ३०५०३७७०१ |
| २० | आ.रा.का.महेन्द्रनगर | ३०५०३७६०१ |
| २१ | आ.रा.का.कालिमाटी | ३०५०३३५०९ |
| २२ | आ.रा.का.त्रिपुरेश्वर | ३०५०३३५१३ |
| २३ | आ.रा.का.कोटेश्वर | ३०५०३३५०४ |
| २४ | आ.रा.का.ठमेल | ३०५०३३५१९ |
| २५ | आ.रा.का.महाराजगञ्ज | ३०५०३३५१६ |

| | | |
|---|---|---|
| २६ | आ.रा.का.बालाजु | ३०५०३३५१८ |
| २७ | आ.रा.का.बानेश्वर | ३०५०३३५०५ |
| २८ | आ.रा.का.पुतलीसडक | ३०५०३३५१७ |
| २९ | आ.रा.का.टंगाल | ३०५०३३५२० |
| ३० | आ.रा.का.नयासडक | ३०५०३३५१४ |
| ३१ | आ.रा.का.बत्तीसपुतली | ३०५०३३५०३ |
| ३२ | आ.रा.का.चावहिल | ३०५०३३५०६ |
| ३३ | आ.रा.का.कलंकी | ३०५०३३५१० |
| ३४ | आ.रा.का. ललितपुर | ३०५०३३४०१ |
| ३५ | आ.रा.का. ललितपुर(२ | ३०५०३३४०३ |
| ३६ | आ.रा.का. दमौली | ३०५०३३८०१ |
| ३७ | आ.रा.का. बाग्लुङ्ग | ३०५०३४५०१ |
| ३८ | आ.रा.का. नेपालगञ्ज | ३०५०३५७०२ |
| ३९ | आ.रा.का. धुलिखेल | ३०५०३२६०१ |
| ४० | क.से.का. ईलाम | ३०५०३०३०१ |
| ४१ | क.से.का.फिदिम | ३०५०३०२०१ |

| | | |
|---|---|---|
| ४२ | क.से.का.धनकुटा | ३०५०३०६०३ |
| ४३ | क.से.का.राजविराज | ३०५०३१५०५ |
| ४४ | क.से.का.लम्की | ६७३०५०७ |
| ४५ | क.से.का.मलंगवा | ३०५०३१९०१ |
| ४६ | क.से.का.खादबारी | ३०५०३०४०१ |
| ४७ | क.से.का.कावासोती | ३०५०३४६०१ |
| ४८ | क.से.का.जुम्ला | ३०५०३६२०१ |
| ४९ | क.से.का.डडेलधुरा | ३०५०३७६०१ |
| ५० | क.से.का.गौर | ३०५०३२००२ |
| ५१ | क.से.का.लुक्ला | ३०५०११६२० |
| ५२ | क.से.का.बर्दिबास | ३०५०३१८०१ |
| ५३ | क.से.का.विराटचौक | ३०५०३१३०८ |
| ५४ | क.से.का. पाल्पा | ३०५०३५००१ |
| ५५ | क.से.का. ईटहरी | ३०५०२१४०२ |
| ५६ | क.से.का. गाईघाट | ३०५०३११०१ |
| ५७ | आ.रा.का. भक्तपुर | ३०५०३३३०१ |

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## कर चुक्ता प्रमाण पत्र पेश गर्नुपर्ने सम्बन्धी सूचना

एक करोड रुपैयाँ भन्दा बढी मूल्यको सवारी साधनको खरिदकर्ताले त्यस्तो सवारी साधन नामसारी गराउँदा अनिवार्य रुपमा कर चुक्ता प्रमाण पत्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पेश गर्नु पर्ने व्यहोरा मिति २०७५।०४।०४ को निर्णयानुसार सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने तरिका

| सि.नं. | के गर्ने | कहाँबाट गर्ने |
|---|---|---|
| १. | www.ird.gov.np मा जाने | Inland Revenue Department (NP) https://ird.gov.np |
| २. | Taxpayer portal मा क्लिक गर्ने | Services Taxpayer Portal |
| ३. | General लाई Expand गरी Taxpayer Login मा क्लिक गर्ने | General Taxpayer Login |
| ४. | Taxpayer Login गर्न आवश्यक User Credential प्रयोग गरी login गर्ने | स्थायी लेखा नम्बर : 303766436 प्रयोगकर्ताको नाम : 303766436 पासवर्ड : •••••• Login Cancel |
| ५. | Proceed To Payment मा क्लिक गर्ने | Transactions \| ATR \| Proceed To Payment |
| ६. | राजस्व दाखिला गर्ने कार्यालयको सम्बन्धित बैंक छनौट गर्ने | रकम जम्मा हुने बैंक छान्नुहोस * : Everest Bank [11009] |
| ७. | दाखिला गर्ने राजस्व आयकरको किसिम छनौट गर्ने | सि.न. करको प्रकार 1 आय कर |
| ८. | राजस्व शीर्षक छनौट गर्ने | राजस्व शीर्षक 11123 ( आय कर - प्रा. लि |
| ९. | के वापतको भुक्तानी हो सो छनौट गर्ने | बापत अग्रीम कर कट्टी |
| १०. | दाखिला गर्ने रकम उल्लेख गर्ने | राजस्व रकम 100000 |
| ११. | आय वर्ष छनौट गर्ने | आर्थिक वर्ष 2075/076 |
| १२. | आयकर भए टिडिएस हो वा होइन अप्सन छनौट गर्ने | कैफियत टि. डि. एस. छान्नुहोस हो |
| १३. | Generate Transaction Code मा क्लिक गर्ने | GENERATE TRANSACTION CODE |
| १४. | यसरी तयार भएको भौचर प्रिन्ट गरी बैंकमा गई राजस्व दाखिला गर्ने (नगद वा चेक मार्फत भुक्तानी गर्नेको हकमा मात्र) | |
| १५. | विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्ने Make Payment मा क्लिक गर्ने | Make payment |
| १६. | उपलब्ध Payment Processor को छनौट गर्ने, (हाललाई ConnectIPS) | रकम भुक्तानीको विकल्पहरु connect IPS रकम भुक्तानी गर्नुहोस क्यान्सल गर्नुहोस |
| १७. | ConnectIPS मा Login गर्ने | Username Return Sign In |
| १८. | दाखिला गर्ने राजस्व रकमको पुन रुजु गर्ने | |
| १९. | कुन बैकबाट रकम कट्टा हुने हो सो बैंक छनौट गरी Submit मा क्लिक गर्ने | ACCOUNT DETAILS Debit Account : [redacted] Submit |
| २०. | NCHLले उपलब्ध गराएको OTP (One Time Password) टाइप गरी Ok गर्ने | PASSWORD One Time Password One Time Password Re-generate |
| २१. | अब तपाईको भुक्तानी सफल भयो भनेर Debit Success को Page देखा पर्दछ। | STATUS : SUCCESS |
| २२. | यसरी Debit Success भएको कारोबारको राजस्व दाखिला महालेखा नियन्त्रक कार्यालयको नाममा भएको बैंकको खातामा जम्मा भएपछि राजस्व दाखिलाको Credit Success Status देखा पर्दछ। सो को लागि हाललाई करिब ५ मिनेट समय लाग्दछ) | |

आफुले दाखिला गर्न चाहेको कर विवरणहरु मूल्य अभिबृद्धि करको मासिक कर विवरण, आयकर तर्फको (जस्तै अनुमानित आय विवरण, D-01,D-02, D-03, D-04, विवरणहरु) अन्त: शुल्क तर्फको इजाजत थप तथा नविकरण आदी विवरणको फारामहरु भरी दाखिला गर्दा Submit Button or Finalized Button मा क्लिक गरी माथी उल्लेख भए अनुसारको विधिहरु प्रयोग गरी विद्युतीय माध्यमबाट राजस्व दाखिला गर्न सकिन्छ।


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
झलकराम अधिकारी
प्रेमशरण श्रेष्ठ
यज्ञ प्रसाद ढुङ्गेल

**सम्पादन समूह**
सम्झना बराल ढकाल
काशिनाथ भट्टराई
सुनिल कुमार यादव
राजु प्रसाद प्याकुरेल
रेणुका पोखरेल




कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।